# नेपाल सरकार

मा. विष्णु प्रसाद्र प्रसाई
प्रदेश प्रमुख

प्रदेश प्रमुखको कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर,नेपाल

## फागुपूर्णीमा (होली) पर्व २०७७ को शुभकामना सन्देश

नेपालीहरुको महान पर्व फागुपूर्णीमा (होली) को अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण बागमती प्रदेशबासी लगायत सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा सुख, शान्ति एवं समृद्धिका लागी हार्दिक शुभकामना व्यक्त गर्दछु ।

रङ्गहरुको पर्वको रुपमा देशैभर उत्साहका साथ मनाइने फागुपूर्णीमा (होली) यस बर्ष पहाडी र हिमाली जिल्लाहरुमा चैत्र १५ र तराईका जिल्लाहरुमा चैत्र १६ मा मनाइंदै छ । सांस्कृतिक विविधतायुक्त नेपाली समाजमा यस पर्वले समस्त नेपालीहरु बीच सामाजिक सद्भाव, सहिष्णुता, राष्ट्रिय एकता र ऐक्यवद्धता कायम राख्न योगदान पुऱ्याउनेछ भन्ने विश्वास लिएको छु ।

साथै नेपालबाट कोरोना भाइरस (कोभिड-१९) को जोखिम नटरिसकेको र जोखिम बढ्दै गइरहेको हालको अवस्थामा नेपाल सरकारले तोके बमोजिम स्वास्थ्य मापदण्डहरु पुर्णरुपमा पालना गर्दै आ-आफ्नो घरमै बसी फागुपूर्णीमा (होली) मनाउन हुन सबैमा अनुरोध गर्दछु ।

अन्तमा, यस पर्वले सबै नेपालीहरुमा खुशी छर्दै मौलिक संस्कृतिहरुको संरक्षण र सम्बर्दन गर्न प्रेरणा मिलोस भन्ने शुभकामना व्यक्त गर्दछु ।

**धन्यवाद !**

**मिति: २०७७ चैत्र १५ गते आईतबार ।**

**विष्णु प्रसाद प्रसाई**
**प्रदेश प्रमुख**
**बागमती प्रदेश**